# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - ५५

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल भदौ २२ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै हात उठाएर समय माग गर्दै मा० श्री जुली कुमारी महतोले विरगंजमा विद्यालय जाँदै गरेकी छात्रा मुस्कान खातुन एसिड प्रहारबाट गम्भिर घाइते भएकोले उक्त घटनाका दोषीलाई कडा कारवाही हुनुपर्ने र पिडितको स्वास्थोपचारको लागि सरकारले व्यवस्था गर्नुपर्ने भन्नुभयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विविध समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री टेकबहादुर बस्नेत<br>
२. मा० श्री डिला सँग्रौला (पंत)<br>
३. मा० श्री तेजुलाल चौधरी<br>
४. मा० श्री दामोदर भण्डारी<br>
५. मा० श्री दिल कुमारी<br>
६. मा० श्री देवप्रसाद गुरुङ<br>
७. मा० श्री देवप्रसाद तिमलसेना<br>
८. मा० श्री देवेन्द्र पौडेल<br>
९. मा० श्री देवेन्द्र राज कंडेल<br>
१०. मा० श्री नविना लामा<br>
११. मा० श्री नरमाया ढकाल<br>
१२. मा० श्री नवराज रावत<br>
१३. मा० श्री नारायणप्रसाद खतिवडा<br>
१४. मा० श्री पद्मनारायण चौधरी (थारु)<br>
१५. मा० श्री पार्वता डि.सी. (चौधरी)<br>
१६. मा० श्री पुष्पा कुमारी कर्ण कायस्त<br>
१७. मा० श्री पुष्पा भुसाल (गौतम)<br>
१८. मा० श्री पार्वती कुमारी विशुन्के<br>
१९. मा० श्री प्रमिला राई

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री हृदयेश त्रिपाठी<br>
२. मा० श्री भिमसेन दास प्रधान<br>
३. मा० श्री एकवाल मियाँ<br>
४. मा० श्री प्रदिप यादव<br>
५. मा० श्री प्रेम सुवाल<br>
६. मा० श्री कृष्णगोपाल श्रेष्ठ<br>
७. मा० श्री विनोद कुमार चौधरी<br>
८. मा० श्री रेनुका गुरुङ्ग<br>
९. मा० श्री चाँदतारा कुमारी<br>
१०. मा० श्री उमा रेग्मी<br>
११. मा० श्री प्रकाश रसाईली (स्नेही)

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७२ बमोजिम गठित प्रतिनिधि सभा अन्तर्गतका समितिहरुमा निम्नलिखित मा० सदस्यहरुको नाम हेरफेर गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सभाले सहमति जनायो ।

| | |
|---|---|
| मा० श्री शेरबहादुर देउवा | विकास तथा प्रविधि समितिबाट कानून, न्याय तथा मानव अधिकार समितिमा |
| मा० श्री सञ्जय कुमार गौतम | कानून, न्याय तथा मानव अधिकार समितिबाट विकास तथा प्रविधि समितिमा |
| मा० श्री स्मृतिनारायण चौधरी | कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिबाट कानून, न्याय तथा मानव अधिकार समितिमा |
| मा० श्री देवप्रसाद तिमलसेना | कानून, न्याय तथा मानव अधिकार समितिबाट कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा |
| मा० श्री महेन्द्र कुमारी लिम्बु | कानून, न्याय तथा मानव अधिकार समितिबाट महिला तथा सामाजिक समितिमा |
| मा० श्री कर्मा घले | महिला तथा सामाजिक समितिबाट कानून, न्याय तथा मानव अधिकार समितिमा |

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले “अर्थ समितिको प्रतिवेदन सहितको राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७५ माथि छलफल

गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त समितिको प्रतिवेदन सहित राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७५ माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री भरत कुमार शाह
२. मा० श्री उमाशंकर अरगरिया
३. मा० श्री रेनुका गुरुङ्ग
४. मा० श्री प्रेम सुवाल
५. मा० श्री देवप्रसाद तिमलसेना

तत्पश्चात सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७५" का सम्बन्धमा अर्थ समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १४ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "राजश्व चुहावट (अनुसन्धान र नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७५" का सम्बन्धमा अर्थ समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १४ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि २६ सम्म "राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७६" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० अर्थ मन्त्री डा० युवराज खतिवडालाई "राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७६ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर बैठक २०७६ साल भदौ २४ गते मंगलबार दिनको १:०० बजे बस्नेगरी दिनको २:५५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव